जेष्ठ नागरिकः बोझ होइनन् बरु बौद्धिक सम्पत्तिका भण्डार हन्

'Old is gold.'यी तीन शव्दहरुसंग अपरिचित हामी मध्ये कोही नै होला जसले शिक्षाको क्षेत्रमा केहि थप परिश्रम र मेहनत गर्न खोज्यौं । विशेष गरी विद्यार्थी वर्गमा यो शव्दहरुको महत्व अझ वढि हुन्छ जव हामी कुनै परीक्षामा सम्मिलित हुन जाँदैछौं । चाहे त्यो एस.एल.सी.को परीक्षा होउन् या उच्च शिक्षाको तहगत अध्ययन, सम्पूर्ण विद्यार्थीहरु पुराना प्रश्न पत्रहरु माथि आप्नो ध्यान विशेष गरी केन्दित गरेका हुन्छन । यो कार्य अध्ययनमा उच्चत्तम अंक प्राप्त गरी सफल हुने मात्र होइनन् तथाकथित छोटो बाटो अपनाएर जसरी भएपनि पाससम्म भए पनि भइने हामी मध्ये कोहि कसैले पनि सो गरेकै हुन्छौं । यो अपरिवर्तित निरन्तरता हो । हामीलाई थाहा छ पुरानो कुरामा केहि छ जो आज र भोलिलाई केहि वढि महत्व राख्दछ, मार्ग निर्देशन गर्दछ । पुरानो कुरा हामी आपनो वर्तमान स्थिति पत्ता लगाउन पनि उपयोग गर्दछौं । पुरानो कुरा हाम्रो भोलिको सम्भावनालाई पारदर्शी गर्ने अचुक माध्यम पनि वन्दछ । पुरानो कुराले पहिलेको अनुभवलाई वताउछ जसले भोलिको आवश्यकतालाई पनि निर्देशित गरिराखेको हुन्छ । पुरानो कुराले हामीलाई सिकाउछ, सतर्क गराउछ मार्गदर्शन गर्दछ र अन्तत यसले जीवनलाई यसको एउटा लक्ष्यमा पुग्ने नक्साको भुमिका नै निर्वाह गर्दछ ।

यति मात्र होइन, हामी जति पनि नयाँ कुरा सिक्छौ त्यो सम्पुर्ण नयाँ कुरा पत्यक्ष अपत्यक्ष रुपमा पुरानो तथ्यबाट नै सृजना भएको हुन्छ । त्यस्तो कुनै नयाँ तथ्य नै हुदैन जुन तथ्य पुरानो तथ्यसंग प्रत्यक्ष वा परोक्ष सरोकार राख्दैन । यो कुरासंग शिक्षाको कुनै पनि शास्त्र अछुतो रहन सक्दैन । चाहे त्यो समाज शास्त्र होस या अर्थशास्त्र अथवा त्यो विधिशास्त्र या राजनिति शास्त्र वा  भौतिक शास्त्र नै किन नहोउन, इतिहास यी सवै विषयका प्रेरणाका श्रोत हुन । इतिहास र पुरानो तथ्यबाट आजको परिस्थितीलाई बुझ्न खोज्ने र भोलिको चुनौतिलाई पन्छाउन खोज्ने हामी आजका युवाहरु आधुनिकताको नाममा, आदम्वर आधुनिक शिक्षाको नाममा र आधुनिक जीवनशैलीको नाममा हाम्रो पुराना परम्परा मुल्य मान्यता र पुर्खालाई विर्सन्दैछौं । हामी पुर्खाले दिएको अर्ति, ज्ञान, शीप र वुद्धिलाई जव आफुले बुझ्न सक्दैनौं या बुझ्ने क्षमता हामीमा रहन्दैन तव त्यसलाई परम्परावादि या पुरातन सोच या Traditional या पुरानो कुरा भन्दै अलिकति पनि संकोच नगरी त्यो चिजलाइए तिरस्कार गर्दछौं, सम्भवत अपहेलित पनि बनाउछौं । बुद्धिमानी व्यक्ति र ज्ञानी व्यक्ति पुरानो कुरालाई समालोचना गर्छन् आलोचना होइन, विकास गर्छन् तिरस्कार होइन ।

सृष्टिका अनेक रचनामा मानव जीवनलाई सर्वश्रेष्ठ भनेर हामी स्वीकार गर्दछौं तर यो तथ्य आजका एक थरीका युवाहरुको पुरानो शैलिको तिरस्कार गर्ने परिपाटीले चुनौति नै दिन थालेका छन की के मानव जीवन वास्तव मै श्रेष्ठ हो त? समाजको वद्लिदो पारुपलाई हेर्दा समाज एकांकी भएर एकात्मक ढाँचाको पारिवारिक ढाँचाको पारिवारिक संगठनको विकासले समाजको मुल स्वरुप नै वदलिदैछ । जहाँ समाजका जेष्ठ व्यक्तित्वहरुको अस्तित्व माथि नै प्रश्न चिन्ह खडा भैरहेको छ । यो कुरा भक्तपुरको टोल टोलमा मात्र दृष्टि राख्यौं भने पनि आज यस्तो एउटा टोल भेट्न गाह्रो होला जहाँ जेष्ठ नागरिकको कहिं न कहिं कोहि न कोहि कुनै न कुनै तहमा एक्लीएर अपमानित र तिरस्कृत जीवन विताएर बसेको नहोस । आपनो जीवनको सक्रीय समयमा समाजमा सृजनात्मक भूमिका बनाएको व्यक्ति पनि आज आपनो परिवारजन, छरछिमेक, समाज समेतबाट अपहेलित तिरस्कृत भएर असहाय र एक्लो जीवन विताइरहेका नभेटिने होइनन् । आज दुःखका साथ भन्नु परेको छ की चाहे त्यो राजनैतिक तहमा होस या आर्थिक व्यापारिक वा सामाजिक तहमा, जीवनको उत्तरार्धमा रहेका जेष्ठ नागरिलाई आपनो बोझ मानेका छन, अनुत्पादक जनशक्ति भनेर परिभाषित गरेका छन, निस्क्रीय जनसंख्या वा जनशक्ति वा उपभोक्ता जनशक्ति वा व्यय पक्ष  भनि विभिन्न क्षेत्रमा भिन्न भिन्न शव्दावलीले समाज र सिंगो देशका जेष्ठ नागरिकलाई उपमा दिने गरिन्छ । यो अवधारणवाट नत आजका समाजशास्त्रिय विद्वान अछुटो छन्, नत भौतिकशास्त्रिय विद्वान, नत राजनिति शास्त्रिय, नत मानव शास्त्रिय विद्वान नै अछुटो छन् । दुःको कुरा त यो छ की जब यी शास्त्रीय विद्वानहरु आप्नो कुनै तर्कलाई बलियो बनाउन जरुरी हुन्छ तब जेष्ठ नागरिकको गुण गाउन पनि कंजुस्याईं गर्दैनन । होइन भने जेष्ठ नागरिकको उपस्थिति र उनको अस्तित्वलाई स्वीकार गर्न अझ पनि कंजुस्याई गरेकै छन ।

तर हामीलाई यो सन्नुपर्दा अचम्म लाग्छ होला की आधुनिक संसारको विकासमा अग्रपंक्तिमा रहेको र आधुनिक संसारको रचना गर्नमा ठेक्का लिएका विकसित मुलुक भनाउँदा पश्चिमेलि राष्ट्रहरु आज त्यहि पुरानो, परम्परागत र पुरातन मुल्य र मान्यतामा आँखा गाडन थालिसकेका छन् । आधुनिकतावाट थाकेर, अजैविकीकरणबाट थाकेर परम्परागत ज्ञान, शीप, कला र संस्कृति तथा जैविक विविधता इत्यादीमा आएर विश्राम गर्न खोजिरहेका छन ।

वौद्धिक ज्ञानलाई अमूल्य मानेर सिक्न चाहेनलाई विना मुल्य सिकाउने तर त्यसलाई एकांकी र गोप्य वनाई सुरक्षित गर्ने हामो परम्परागत प्रक्रीयालाई चुनौति दिदै आज आधुनिक ज्ञान विज्ञानको माध्यमवाट विकसित राष्ट्रहरु अगाडी बढ्दैछन र हामीहरुका ती अमुल्य वौद्धिक ज्ञान, शीप, कला र समग्र वौद्धिक सम्पत्तिलाई प्रत्यक्ष परोक्ष्य रुपमा परराष्ट्रियकरण गर्दैछन । त्यो हामीलाई रोजगारी दिने निहँमा होउन् या ……… बापतमा पैसा दिने नाममा होउन् । या विकासका सिमित र कथित पुर्वाधार दिने नाममा होउन या अध्ययन अनसन्धानको वहानामा होउन् या पर्यटनको बहानामा हाम्रो त्यो पुर्खाले सिर्जेको ज्ञान, शीप, कला र संस्कृति, त्यो वौद्धिक सम्पत्तिको भण्डारलाई परराष्ट्रियकरण गर्दैछन । यसरी ज्ञान, शीप, कला र संस्कृतिको परराष्ट्रियकरण आजको विशेष चुनौतिको रुपमा हामी सामु खडा भएको छ । वस्तुत परम्परागत ज्ञान, शीप, कला र संस्कृति आफैमा सजीव हुँदैनन् । यसलाई सजीवता र निरन्तरता दिने व्यक्ति अरु कोहि होइनन् बरु ती पुरानो, पुरातन, परम्परावादी भनि अपहेलित र तिरस्कृत जेष्ठ नागरिक नै हुन । समाजका जेष्ठ नागरिक विना कुनै पनि समाजमा निहित परम्परागत ज्ञान, शीप, कला र संस्कृति सजीव र वोधगम्य रहन सक्दैन । तसर्थ समाजका जेष्ठ नागरिक भनेको समाजको त्यो मौलिक र वौद्धिक परम्परागत ज्ञान, शीप, कला र संस्कृतिको भौतिक आकृति र उपस्थिति त हन्छन तर त्यसमा सजीवता, अर्थ र महत्व हीन हुँदै जान्छन् ।

यहाँ उल्लेख गर्न खोजिएको जेष्ठ नागरिक, परम्परागत पुरानो ज्ञान, शीप, कला र संस्कृति यसको अन्तर्राष्ट्रिय रुपको शोषण र परराष्ट्रियकरण तथा यसको वौद्धिक सम्पत्ति सम्वन्धि कानूनको अन्तरसम्वन्ध भने एकको अर्कोसंग परिपुरक रहेको कुरालाई मध्यनजर राख्ने हो भने वौद्धिक सम्पत्ति सम्वन्धि कानुनको विकास र वौद्धिक सम्पत्तिको संरक्षणको तथ्य हाम्रो लागि चाखलाग्दो हुन सक्छ ।

विधिशास्त्रीय विकासको क्रममा सत्रौं शताव्दीमा शुरु भएर  विश्व औद्योगिक क्रान्ति पछिको औद्योगिक विकास भएपछि सोसंगै कानुनको एउटा सक्रीय आधुनिक संयन्त्रको रुपमा उन्नाइसौं शताव्दीमा विकासको गति लिएको वौद्धिक सम्पत्ति सम्वन्धि कानुन नेपालमा वि.सं. १९९३ सालमा पेटेन्ट, डिजायन र टेडमार्क कानून वाणिज्य कानूनकै पहिलो कानूनको रुपमा प्रचलनमा आएर आज विश्वव्यपीकरणको परिवेशमा नेपाल विश्वव्यापार संगठनमा समेत समाविष्ट भै सकेको परिवेशमा नेपाल वौद्धिक सम्पत्तिको संरक्षण सम्वन्धि विश्वव्यापी प्रयासलाई आफ्नो पनि सहकार्यात्मक भूमिकाको लागि प्रतिवद्ध भैसकेको छ । वर्तमान पेटेन्ट, डिजायन र टेडमार्क ऐन २०२२ तथा प्रतिलिपी अधिकार ऐन २०५९ लगाएतका वौद्धिक सम्पत्तिलाई संरक्षण गर्ने विधिगत संयन्त्रको व्यवस्था गरेको परिप्रेक्ष्यमा नेपालमा पनि वौद्धिक सम्पत्तिको कानूनी संरक्षणको प्रत्याभूति भएको कुरा स्पष्ट छ । यस अर्थमा समाज र समाजका जेष्ठ नागरिकमा निहित ती परम्परागत ज्ञान, शीप, कला र संस्कृति (Traditional Knowledge) लाई अन्तर्राष्ट्रिय स्तरबाट आर्थिक उपयोग गर्न सक्ने सम्भावनाको प्रत्याभति समेत भएको छ । छिमेकी मुलक भारत लगाएतका विकसित मुलुकहरु आज परम्परागत ज्ञानलाई संहितावद्ध गर्दै त्यसको सम्भावित आर्थिक उपयोगबाट समाज र सिंगो देशको विकासको लगि पक्रीयागत रुपमा अगाडी वढिरहेको अवस्थामा हामी हाम्रो परम्परागत ज्ञानको श्रोत र संरक्षक समाजका जेष्ठ नागरिकलाई परिवार र समाजको बोझको रुपमा आजपनि लिएको पाउँछौं । हामीलाई शायदै जानकारी होला की हामी मध्ये कसैको घरमा रहेका एक जेष्ठ नागरिकको कुनै एक परम्परागत ज्ञान, शीप, कला वा अन्य वौद्धिक सम्पत्तिको आज अन्तर्राष्ट्रिय आर्थिक उपयोगको सम्भावना छ । जसबाट निजले विश्व भरिवाट रोयल्टी (प्रयोग गरे वापत तिर्ने रकम) प्राप्त गर्न सक्ने क्षमता राख्छ । आजको एक्काइसौं शताव्दीमा हामी भौतिक शरीरलाई विश्व श्रम बजारमा वेच्ने  होइन बरु अभौतिक वौद्धिक सम्पत्तिलाई आजको विश्व भरि बेच्न र भाडामा पयोग गर्न दिन सक्ने क्षमताको विकास गरौं, सम्भावनाको खोजि गरौं । यसको लागि आजैवाट आपनो घर, टोल,  छिमेक र समाजमा जेष्ठ नागरिकलाई आपनो बोझको रुपमा नलिई विश्वलाई वेच्न सक्ने, उपयोग गराउन सक्ने अमल्य ज्ञानको भण्डारको रुपमा लिई यीनको हक हित र संरक्षणका लागि पाइला अगाडि सार्न पर्ने आवश्यकता भैसकेको छ । आशा छ तपाई यो पुणित कार्यको शुभारम्भकर्ता हुनहुने छ ।

अधिवक्ता राज कुमार सुवाल
एल.एल.एम. (वौद्धिक सम्पत्ति कानून)
सह-प्राध्यापक
काठमाण्डौ स्कूल अफ ल, पुर्वाञ्चल विश्वविद्यालय